विषय कोड : ००२१ 'B'

# NEB - GRADE XII
## 2081 (2024)
## अनिवार्य नेपाली
## मौका (पूरक) परीक्षा

*विद्यार्थीहरूले सकेसम्म आफ्नै शब्दमा उत्तर दिनुपर्ने छ । दायाँ किनारामा दिइएको अङ्कले पूर्णाङ्क जनाउँदछ ।*

**समय : ३ घण्टा** **पूर्णाङ्क : ७५**

१. दिइएको अनुच्छेदमा रेखाङ्कन गरिएका शब्दहरूको अक्षर संरचना देखाई अक्षर सङ्ख्यासमेत देखाउनुहोस् : [३]

कालोनिलो आकाशमा उत्तरतिर ध्रुवतारा, त्यसको दाहिनेतिर सात र देब्रेतिर पाँच ताराका उज्याला तारामण्डलले मलाई मोहित तुल्यायो ।

२. दिइएको अनुच्छेदलाई शुद्ध गरी पुनर्लेखन गर्नुहोस् : [३]

विश्वव्यापीकरनको अवधारणाबाट कृषिमा बढी प्रभाव परेको छ अविकसित देशको अर्थतन्त्रमा यो क्षेत्र आधार मानीने हुँदा त्यस्ता मुलुकहरूले उक्त अवधारणा लाई प्रमूख मुद्दा बनाउने गरेका छन् ।

३. कुनै एक प्रश्नको उत्तर दिनुहोस् : [२]

(क) दिइएको अनुच्छेदबाट एउटा पारिभाषिक शब्द र एउटा अनुकरणात्मक शब्द पहिचान गरी तिनलाई वाक्यमा प्रयोग गर्नुहोस् :

संस्कृतिमा चाख भएकी डोल्मा मख्ख परेर त्यस क्षेत्रका पुस्तक खुरुखुरु पढ्थिन् । उनी अचेल पर्यटन क्षेत्रमा पनि चासो देखाउन थालेकी छन् । आन्तरिक पर्यटक बनेर भौगोलिक विविधता भएका ठाउँमा पैदल यात्रामा फटाफट हिँड्न थालेपछि त उनका बाबुआमा पनि दङ्ग छन् ।

(ख) दिइएको अनुच्छेदबाट एउटा उखान र एउटा टुक्का पहिचान गरी तिनलाई वाक्यमा प्रयोग गर्नुहोस्:

हुने बिरुवाको चिल्लो पात भने झैँ ऊ सानैदेखि कक्षामा प्रथम हुन्थी । अभिभावकले पनि उसका लागि ज्यान फाल्थे । जति माया पाए पनि उसले कसैका टाउकामा टेक्नु हुँदैन भन्ने बुझेकी थिई । साथीहरूले कहिलेकाहीं उटपट्याङ कुरा गरेको सुन्दा उसको सातो जान्थ्यो । ऊ पढिरहेको बेला साथीले हल्ला गरेर बाधा पुऱ्याउन खोज्दा पनि खाने मुखलाई जुँगाले छेक्दैन भने जस्तै गरी पढिरहन्थी । उसले खराब साथीहरूका आलोचनालाई काग कराउँदै गर्छ पिना सुक्दै गर्छ भन्ने ठानेर वास्ता नगरी मिहिनेत गरेकाले आज नाम कमाएकी छ ।

४. दिइएको अनुच्छेदमा रेखाङ्कन गरिएका शब्दहरूको पदवर्ग पहिचान गरी लेख्नुहोस् : [३]

हामी जिन्दगीमा पिरबाहेक अरू के देख्न पाउँछौँ र ? माया र स्नेह पाउनु त परको कुरा एक छाक खान पनि मुस्किल छ । अभावमा आधारित जीवनका पनि त रहर हुन्छन् ।

क्रमश:

५. दिइएको अनुच्छेदबाट दुईओटा तत्सम र दुईओटा आगन्तुक शब्द पहिचान गरी लेख्नुहोस् : [२]

सहरमा अँध्यारोमा बस्ने निर्णय गर्नुभन्दा प्रकाशको खोजी गर्नु नै उपयुक्त हुन्छ । मोटर र कम्प्युटरको विरोध गर्नुको सट्टा मोबाइललगायतका उपकरणहरूको प्रयोग गरी हर्ष बढाउनु राम्रो हुन्छ । हामीलाई विरोधाभासमा जिन्दगीको अर्थ खोज्न नलगाऊ बरु समायोजन नै श्रेयस्कर हुन्छ ।

६. कुनै एक प्रश्नको उत्तर दिनुहोस् : [३]

(क) दिइएका उपसर्ग र प्रत्यय लगाई एक एक शब्द निर्माण गर्नुहोस् :

उपसर्ग : बे, अति, अ ।

प्रत्यय : ईय, इलो, ले ।

(ख) दिइएको अनुच्छेदबाट तीनओटा समस्त शब्द र तीनओटा द्वित्व शब्द पहिचान गरी समस्त शब्दको विग्रह र द्वित्व शब्दको निर्माण प्रक्रिया देखाउनुहोस् :

हामीले आफ्नो जन्मभूमिलाई प्राथमिकता दिएर आआफ्नो पेसामा समर्पित भई रुचि र क्षमताअनुसारका कामकाज गर्नुपर्छ । आल्तुफाल्तु कुरामा ध्यान दिनुको सट्टा आमाबुबाले भनेका काम सर्सर्ती गर्न सकेमा अनमोल जीवन सार्थक हुन्छ । दुईजिब्रे मानिसका कुरा नसुनी घरपरिवारलाई मायाको त्रिवेणी ठानेर रमाउँदा खुरुखुरु भाग्योदयका ढोका खुल्छन् ।

७. कुनै एक प्रश्नको उत्तर दिनुहोस् : [४]

(क) ले, लाई, निम्ति, द्वारा, देखि, बाट र मा विभक्ति लागेका भिन्न भिन्न कारकको प्रयोग गरी चारओटा वाक्यमा आफ्नो विद्यालयमा गरिएको 'सरसफाइ' कार्यक्रमको वर्णन गर्नुहोस् ।

(ख) प्रथम पुरुषमा रूपान्तरण गरी पुनर्लेखन गर्नुहोस् :

तिमी सधैं समयमै विद्यालय गयौ । तिमीले अनुशासित भई पढ्यौ । तिमीले गुरुहरूले भनेको पनि मान्यौ । तिमी परीक्षामा सर्वोत्कृष्ट नतिजा ल्याई प्रथम भयौ ।

८. कुनै एक प्रश्नको उत्तर दिनुहोस् : [४]

(क) पूर्ण भविष्यत् कालका क्रियापदको प्रयोग गरी चार वाक्यमा आफ्नो भावी योजनाको वर्णन गर्नुहोस् ।

(ख) दिइएका वाक्यलाई वाच्य परिवर्तन गरी पुनर्लेखन गर्नुहोस् :

तिमी विद्यालय गयौ । तिमीलाई सबैले मन पराए । तिमीले मिहिनेत गऱ्यौ । तिमी जीवनमा सफल भयौ ।

९. कुनै एक प्रश्नको उत्तर दिनुहोस् : [४]

(क) दिइएका वाक्यलाई अप्रत्यक्ष कथनमा परिवर्तन गर्नुहोस् :

शिक्षकले विद्यार्थीलाई भन्नुभयो - "तिम्रो पढाइ राम्रो छ ।"

विद्यार्थीले भने -"यो सब तपाईंको हौसलाले हो ।"

शिक्षकले भन्नुभयो - "तिमी निकै मिहिनेती छौ ।"

विद्यार्थीले भने- "म सक्दो मिहिनेत गर्छु ।"

क्रमशः

(ख) दिइएका वाक्यलाई एउटै वाक्यमा संश्लेषण गर्नुहोस् :

फेवाताल पोखरामा छ । फेवाताल नेपालको प्रसिद्ध ताल हो । फेवातालको बिचमा मन्दिर छ । मन्दिरको नाम तालबाराही हो ।

१०. दिइएको अनुच्छेद पढी सोधिएका प्रश्नको उत्तर दिनुहोस् : [५]

कुनै पनि भाषाका नाम, सर्वनाम, विशेषण, क्रिया, क्रियाविशेषण आदि शब्द वाक्यमा प्रयोग भइसकेपछि तिनलाई पद भनिन्छ । यिनै पदको रखाइक्रम नै पदक्रम हो । भाषामा धेरै किसिमका पद भए पनि तिनले वाक्यमा प्रयुक्त हुँदा सम्पन्न गर्ने मुख्य कार्यका आधारमा कर्ता, कर्म र क्रिया गरी तीन प्रकारमा राखेर अध्ययन गरिन्छ । संसारका प्रत्येक भाषाका वाक्यमा प्रयुक्त कर्ता, कर्म, क्रियाको निश्चित क्रम हुन्छ । पदक्रमका आधारमा संसारमा छ किसिमका भाषा रहेका छन् । नेपाली, मैथिली, संस्कृत, हिन्दी आदि भाषा कर्ता, कर्म र क्रियाको क्रम भएका भाषा हुन् । अङ्ग्रेजी, चाइनिज, रसियन आदि कर्ता, क्रिया र कर्मको क्रम भएका भाषा हुन् । त्यस्तै वेल्स, आइरिस, फिलिपिनो जस्ता भाषा क्रिया, कर्ता र कर्मको क्रम भएका भाषा हुन् । फिजियन, मलागसी, तोबा आदि भाषामा चाहिँ क्रिया, कर्म र कर्ताको क्रम रहेको हुन्छ । कर्म, क्रिया र कर्ता तथा कर्म, कर्ता र क्रियाको क्रम भएका भाषा भने अत्यन्तै कम छन् । ब्राजिलको हिक्ज्यारियाना भाषा कर्म, क्रिया र कर्ता तथा भेनेजुएलाको बाराओ भाषा कर्म, कर्ता र क्रियाको क्रम भएका भाषा हुन् । यस किसिमको पदक्रमलाई सामान्य पदक्रम वा व्याकरणिक पदक्रम भनिन्छ । साहित्यिक भाषामा भने व्याकरणिक पदक्रममा विचलन देखिन्छ । यस्तो विचलन निश्चित उद्देश्यले गरिएको हुन्छ । विशेषत: स्रष्टाको भनाइमा जोड दिन, प्रस्तुतिलाई शीर्ष बनाउन, पाठक या श्रोताको ध्यानाकर्षण गर्न र लय सिर्जना गर्न पदक्रममा विचलन ल्याइन्छ । नेपालीमा कर्ता, कर्म र क्रियाको क्रममा विचलन भएको पदक्रम आलङ्कारिक वा विशिष्ट पदक्रम हो । यस्तो पदक्रममा व्याकरणलाई भन्दा भावलाई प्रधानता दिइन्छ ।

प्रश्नहरू :

(क) पदक्रमका आधारमा संसारका भाषालाई कति प्रकारमा वर्गीकरण गरिएको छ ?

(ख) नेपाली कस्तो पदक्रम भएको भाषा हो ?

(ग) व्याकरणिक पदक्रम र आलङ्कारिक पदक्रममा के भिन्नता छ ?

(घ) विशिष्ट पदक्रममा केमा जोड दिइन्छ ?

(ङ) 'पदक्रम विचलन' को तात्पर्य खुलाउनुहोस् ।

११. दिइएको अनुच्छेद पढी मुख्य मुख्य चारओटा बुँदा टिपोट गर्नुहोस् र एक तृतीयांशमा सारांश लेख्नुहोस् : [२+३]

जीवनमा असफल हुन कोही पनि चाहन्नन् तर सफल हुनमा असफलतालाई पनि स्वीकार गर्न सक्नुपर्छ । खोला तर भन्न सजिलो छ तर खोला तरेर देखाउने काम श्रम र शक्तिसाध्य छ । असफल हुन्नँ भन्न सजिलो छ तर सफल हुन पनि निरन्तरको साधना र सुझबुझ चाहिन्छ । यसैले सफल हुन चाहने जोसुकैले असफलतासँग डराउनु चाहिँ हुँदैन । विश्वकै सर्वोत्कृष्ट लेखक बनेका सेठ गोडिनले प्रकाशन गरेका १२० किताबमध्ये धेरैले उत्कृष्ट हुनु त परै जाओस्, राम्रो बजार

क्रमश:

समेत पाउन सकेनन् । व्यापार नभएका कारण उनीसित कर तिर्ने पैसासमेत भएन । यस्तो अवस्थामा पनि उनले हिम्मत भने हारेनन् । प्रत्येक असफलताले उनलाई पाठकमाझ कस्तो किताब लाने भन्ने बारे सिकाउन धेरै मदत गऱ्यो । त्यसपछि निकालेका हरेक पुस्तक सर्वोत्कृष्ट हुँदै गए । सर्वोत्कृष्ट लेखकको स्थान दिएका उनका १८ ओटै पुस्तक अहिले ३५ भन्दा बढी भाषामा अनुवाद भइसकेका छन् । यस्तै महान् वैज्ञानिक थोमस अल्वा एडिसन पनि विद्युतीय चिमको आविष्कारका क्रममा हजारौं पटक असफल भएका थिए । हजारौं पटक असफल हुँदा पनि तपाईंले किन हार मान्नुभएन ? भन्ने प्रश्नको उत्तरमा उनी भन्ने गर्थे । "म असफल भएको थिइनँ, केवल हजारौं गलत बाटा चुनेको थिएँ ।" वास्तवमा हरेक असफलता नै सफलताको प्रेरक पनि हो ।

१२. कुनै एक प्रश्नको उत्तर दिनुहोस् : [४]

(क) तपाईंको विद्यालयमा पुस्तकालय भवन निर्माणका लागि विद्यालयका प्रधानाध्यापक र स्थानीय निर्माण कम्पनीका प्रमुखबिच गरिने करारनामाको नमुना तयार पार्नुहोस् ।

(ख) कानुनमा समानता भए पनि व्यवहारमा भइरहेको लैङ्गिक विभेदका बारेमा सम्बन्धित निकायको ध्यानाकर्षण गराउन कुनै एक राष्ट्रिय दैनिक पत्रिकाका सम्पादकलाई चिठी लेख्नुहोस् ।

१३. कुनै एक प्रश्नको उत्तर दिनुहोस् : [५]

(क) आफ्नो विद्यालयले आयोजना गरेको हाजिरी जवाफ प्रतियोगिताका बारेमा १५० शब्दसम्मको प्रतिवेदन तयार पार्नुहोस् । (मानौं : तपाईंको नाम दुर्गा हो र तपाईंको विद्यालयको नाम राष्ट्रिय मा.वि. हो । )

(ख) 'ग्रामीण यातायात' शीर्षकमा १५० शब्दसम्मको टिप्पणी लेख्नुहोस् ।

१४. कुनै एक उद्धरणको व्याख्या गर्नुहोस् : [४]

(क) यो हिउँ मेरो थियो, मेरो मुटुको थियो र हिमाली हार्दिकता बोकेको र चम्किलो थियो ।

(ख) भेट हुने छैनन् अब मान्छे कोही पनि
खालि बज्ला पहरामा छहराको ध्वनि ।

१५. कुनै एक प्रश्नको उत्तर दिनुहोस् : [४]

(क) दिइएको **कवितांश** पढी सोधिएका प्रश्नको उत्तर दिनुहोस् :

तिमी त्यसलाई आफैं नै देख्न सक्ने, सहन सक्ने र
ग्रहण गर्न सक्ने हुने छौ
मैले यसरी धैर्य दिनुको सट्टा तिमी सङ्ग्राममा जाँदा
लाख सम्झाएर पनि नमान्ने आमाको मनलाई
सान्त्वना दिँदै बिदा हुने छौ ।

प्रश्नहरू

(अ) माथिको कवितांशमा कविले आमामार्फत केमा विश्वास गरेका छन् ?

(आ) माथिको कवितांशको मूल आशय के हो ?

क्रमशः

(ख) दिइएको संवादांश पढी सोधिएका प्रश्नको उत्तर दिनुहोस् :

नेपालमा थुप्रै जाति छन् । हरेक जातिका आफ्नै प्रकारका परम्परा, संस्कृति, ज्ञान, अनुभव छन् । त्यस्तै नेपालमा अनेक भाषा छन् । भाषा भनेको मानव पुर्खाको आविष्कार हो । जातिमा जस्तै हरेक भाषामा पनि मानिसका ज्ञान, अनुभव, संस्कृति सुरक्षित हुन्छन् । हामी मानव सभ्यताका कुरा गर्छौं नि । वास्तवमा सभ्यता भनेको जाति, भाषा र संस्कृतिको समष्टि हो । त्यसैले जाति, भाषा, संस्कृतिमा विविधता हुनु भनेको सभ्यतामा पनि विविधता हुनु हो । यसैले जाति, भाषा, संस्कृतिमा विविधता भएको हाम्रो समाज विविध सभ्यताको सङ्गम पनि हो । त्यसैले विविधता आफैंमा सम्पत्ति भएन र ?

प्रश्नहरू

(अ) सांस्कृतिक विविधतालाई किन सम्पत्ति मानिएको होला ? स्पष्ट पार्नुहोस् ।

(आ) सभ्यता भनेको के हो ?

१६. कुनै एक प्रश्नको उत्तर दिनुहोस् : [४]

(क) तपाईंलाई हकिङले मानवीय चेतनाको विकासमा पुऱ्याएको विशेष योगदान के हो भन्ने लाग्छ ? पाठका आधारमा प्रतिक्रिया लेख्नुहोस् ।

(ख) 'हामीले स्वदेशी उत्पादनलाई प्राथमिकतामा नराखेसम्म हाम्रो आत्मनिर्भरताको यात्राको थालनी पनि हुँदैन ।' यस भनाइलाई 'सहकारी' पाठका आधारमा पुष्टि गर्नुहोस् ।

१७. कुनै एक प्रश्नको समीक्षात्मक उत्तर दिनुहोस् : [८]

(क) मरेपछि गरिने काजक्रिया र दानदक्षिणा सम्बन्धमा 'एक चिहान' उपन्यासको पात्र अष्टनारानले के कस्तो विचार व्यक्त गरेको छ ? चर्चा गर्नुहोस् ।

(ख) 'मातृत्व' कथाले दिन खोजेको मूल सन्देश के हो ? समीक्षा गर्नुहोस् ।

१८. कुनै एक शीर्षकमा कम्तीमा २५० शब्दसम्मको निबन्ध लेख्नुहोस् : [८]

(क) नेपालको सांस्कृतिक विविधता

(ख) मलाई मन पर्ने ठाउँ

(ग) कृषिमा आधुनिकीकरण

-0-